# कमल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## आ.व. ०७८/०७९ को लागि योजना छनौट तथा प्राथमिकता निर्धाण गर्ने सम्बन्धी मार्गदर्शन २०७८

१. स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ (३) तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा अपनाइने प्राथमिकताका आधारहरु :-

(क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने

(घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नुपर्ने छ ।

२. दफा २४ को उपदफा ४, ५ र ६ मा उल्लेख भएका विषयहरु

क) गाउँपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने छ ।

ख) गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला बालबालिका, दलित, युवा अल्पसंख्यक अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नुपर्नेछ ।

ग) गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने छ ।

३. स्थानीय तहको बजेट दिग्दर्शन २०७४ ( परिमार्जजन सहित) को दफा ४ अनुसार

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समय सीमा र प्रकृयासँग अनुकूल हुने

ख) आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन,

घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

ङ) समाजका सबै वर्ग क्षेत्र र समूदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु

छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु

४. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ परिमार्जन दफा ५.३ अनुसार वस्ती तहका योजना छनौट गर्दा निम्नानुसारका विषयलाई ध्यान दिनु पर्ने :

क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।



सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ख)प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्नेछ ।

ग) कोभिड १९ को कारणबाट सामाजिक दुरी कायम गर्नं पर्ने बाध्यात्मक अवस्था भएबाट वस्तीस्तरको योजना तथा कार्यक्रम छनौट गर्न असहज हुने भएकोले टोलस्तरबाट आयोजना माग गरि वडा समितिले बैठकबाट योजना तथा कार्यक्रम छनौट गरि कार्यपालिकामा पेश गर्नुपर्नेछ

योजना तथा कार्यक्रम छनौट गर्दा विषयगत समिति अनुसार अलग अलग कार्यक्रम तयार गरि पेश गर्नुपर्नेछ । सो को फाराम मार्गदर्शन सहित पठाइनेछ । आयोजना तथा कार्यक्रम छनौट गर्दा लक्षित वर्गको कार्यक्रम पालिकास्तरको मात्र हुने भएता पनि वडास्तरबाट समेत छनौट गरि पठाउनु पर्नेछ । लक्षित वर्ग अन्तरगत महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत युवा बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक अपाङ्गता भएको व्यक्ति पिछडिएको वर्ग आदि लाई समेटिनु पर्नेछ ।

घ) टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल वस्ती भित्रका क्रियाशिल सामुदायिक संस्थाहरु ( टोल विकास संस्था, आमा समूह, बाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेखित सरोकारवालाहरुको आधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ ।

यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

५. वडा समितिले वस्ती/टोलस्तरबाट प्राप्त योजनाहरु विषयगत समिति अनुसार दिग्दर्शन २०७४ को अनुसूचि ३ को आधारमा योजनाहरुको प्राथमिकिकरण गर्नु पर्नेछ । यसरी प्राथमिकिकरण गरेका योजनाहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त भएको पहिलो अनि क्रमैसँग दोश्रो, तेश्रो क्रम मिलाई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा फाराममा भरी वडा समितिको निर्णय सहित गाउपालिकामा पठाउनु पर्नेछ । अनुसुचि ३ को आधारमा विषयगत क्षेत्र समेटिने गरि अनुसुचि ४ अनिवार्य भरि बजेट तथा कार्यक्रम अलग अलग तयार गरि आयोजना तथा कार्यक्रम पेश गर्नु पर्नेछ ।

६. गाउँपालिका तथा वडास्तरिय योजना तथा कार्यक्रम छनौट स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन२०७४(परिमार्जित) को दफा ५.२.३ मा व्यवस्था भए अनुसारको बजेट प्रकृया अनुसार देहाय अनुसार बजेट सिलिङ तोकिएको छ ।

क) वडा स्तरि आयोजना तथा कार्यक्रम सन्चालनका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिकको बैठकबाट देहाय अनुसार वडागत बजेट सिलिङ ( चालु खर्च तर्फ प्रति वडा रु.४,००,०००/-.( चार लाख मात्र) र पूँजिगत खर्च तर्फ प्रतिवडा देहाय अनुसार हुने छ ।

| वडा नं. | बजेट सिलिङ |
|---|---|
| १. | रु.१,०३,००,०००/ |
| २. | रु.१,००५०,०००/ |
| ३ | रु.१,००,००,०००/ |
| ४. | रु.१,०१,००,०००/ |
| ५. | रु.१,०१,००,०००/ |
| ६. | रु १,००,००,०००/ |
| ७. | रु १,०३,००,०००/ |

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

जम्मा **रु.७,३,५०,००००/ (सात करोड तिन पचास हजार मात्र**) निर्धारण गरिएको छ । वडा स्तरीय कार्यक्रम तर्जुमा गर्दा सोहि सिलिङको परिधिभित्र रहि प्राथमिकिकरण गरि कार्यपालिकामा पेश गर्नुपर्ने छ । वडास्तरबाट सन्चालन हुन नसक्ने आयोजना पालिकास्तर, प्रदेशस्तर र संघस्तर भनी अलग अलग छुट्याई प्राथमिकता साथ आयोजना बैंक बनाई पेश गर्नु पर्नेछ ।

❖ वडास्तरीय योजना भन्नाले वडा भित्रका एक वस्ती र अर्को वस्ती/टोललाई प्रत्यक्ष फाइदा पुग्ने खालका पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरु ।

❖ पालिकास्तरिय योजना भन्नाले एक वा सो भन्दा बढी वडाहरुलाई समेट्ने वा फाईदा पुग्ने पूर्वाधार, सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु वा वडाको बजेटबाट निर्माण सम्भव हुन नसक्ने प्रकृतीका ठूला आयोजनाहरु ।

ख) वडामा संचालन हुन सक्ने किसिमका आयोजना तथा कार्यक्रम रु. १ लाख भन्दा कम गरि छनौट गर्न पाईने छैन स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (ीक्ष्क्ब) मा भएका सूचकहरु समेत पालना गरि आयोजना तर्जुमा बनाई पेश गर्नु पर्नेछ ।

ग) वडास्तरमा सन्चालन हुने आयोजना तथा कार्यक्रमहरु बढीमा १५ वटा भन्दा धेरै संख्यामा आयोजना तथा कार्यक्रम छनौट गर्न पाइने छैन ।

घ) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु छनौट गर्दा रु. ५ लाख भन्दा माथिका आयोजना तथा कार्यक्रम मात्र छनौट हुनेछन ।

ङ) सडक आयोजनाअरुको हकमा न्यूनतम २० फिट भन्दा बढी चौडाई भएका सडकहरुलाई उच्च प्राथमिकतामा राख्नु पर्ने छ ।

च) अधुरो र क्रमागत रुपमा रहेका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखि योजना बनाउनु पर्नेछ ।

छ) योजना छनौट गर्दा दिगो विकासका लक्ष्यहरु पूरा हुन सक्ने आयोजनाहरुलाई प्राथमिकतामा राखि लक्ष्यहरु कोड गरि आयोजना तथा कार्यक्रम छनौट गरि पठाउनु पर्नेछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत